गाउँसभाको बैठकमा मिति २०८२ असार ८ गते आइतबार

गाउँपालिका प्रमुख श्री धन बहादुर पुन मगर ज्यूद्धारा

प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

सुनछहरी गाउँपालिका पोवाङ रोल्पा

लुम्बिनी प्रदेश नेपाल

# आ.व. २०८२/०८३ को नीति कार्यक्रम

यस सुनछहरी गाउँपालिका उपाध्यक्ष ज्यू,

१८ औं गाउँसभामा उपस्थित आमन्त्रित प्रमुख अतिथि, विशिष्ट अतिथि र अतिथि ज्यूहरु, सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु बिभिन्न ओहडावाट सहभागि आदरणीय व्यक्तित्वहरू पत्रकार तथा सुरक्षाकर्मी साथीहरू यहाँहरु सबैमा जेडो, नमस्कार !

नेपालको संविधान २०७२, बमोजिम यस सुनछहरी गाउँपालिकाको दोस्रो कार्यकालका लागि भएको निर्वाचन पश्चात् निर्वाचित भई चौंधौ आर्थिक वर्षको नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा सभाको अध्यक्षको हैसियतले पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु ।

यस अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक र समावेशी नेपालको स्थापना तथा संस्थागत विकास गर्नका लागि नेपाली जनताले पटक पटक गर्दै आएका संघर्षहरुः- दश वर्षीय सशस्त्र जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलनको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान र राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्न हुने महान शहीदहरू प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै घाइते, बेपत्ता योद्धाहरूको त्याग, तपस्या र योगदानप्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको सङ्घीय संरचनाले तीन तहबाट सरकार सञ्चालनको अभ्यास गर्ने संवैधानिक व्यवस्था अनुरुप सुनछहरी गाउँपालिकाले पनि संवैधानिक र कानुनी अधिकारमा रहि आवधिक, वार्षिक योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको कुरा सबैलाई स्मरण गराउन चाहन्छु ।

संघीयताको वास्तविक अनुभूति जनताको घरदैलोमा रहि सेवा, विकास र सुशासन प्रवर्द्धन गर्न हो । यसका लागि सुनछहरी गाउँपालिका नागरिकमैत्री सेवा प्रवाह, जनताको मागमा आधारित विकास व्यवस्थापन र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्न दृढ प्रतिवद्ध रहेको छ ।

उपाध्यक्ष ज्यू ! अब म आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको संक्षिप्त समिक्षा पेश गर्न चाहन्छु ।

१. अति सीमित स्रोत साधन र जनशक्तिका बावजुत पनि यस गाउँपालिकाले सबै क्षेत्रको कार्यप्रगति सन्तोषजनक रुपमा नै सम्पन्न गरिरहेको कुरा अवगत गर्न चाहन्छु । गुणस्तरीय

सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, सचेत समाज निर्माण, जन नियन्त्रित शासन, लोकतान्त्रिक पद्धति मार्फत विकासको छनोट, सही र पारदर्शी कार्यान्वयन र वितरण लगायत हरेक क्षेत्रमा आम जनता तथा सरोकारवालाको अर्थपूर्ण सहभागिता र संलग्नता प्रवर्द्धन गर्न यो गाउँपालिका प्रतिबद्ध रहेको कुरा व्यवहारतः स्पष्ट छ ।

२. यस गाउँपालिकाको समग्र आर्थिक सामजिक, पूर्वाधार विकास, वातावरण संरक्षण, बिपद् जोखिम न्यूनीकरण र संस्थागत विकासका लागि आवश्यक नीति, कार्यविधि, ऐन र नियमावलीको अधीनमा रहि सन्तुलित विकासलाई जोड दिइएको छ । जनताको आवश्यकता र प्राथमिकताको आधारमा योजना तथा कार्यक्रमहरु छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेको कुरा अवगत गर्न चाहन्छु ।

३. हरेक विकास निर्माणमा विपन्न, अल्पसंख्यक जाति तथा समुदाय भौगोलिक विकटता र पिछडिएका वर्ग समुदायलाई केन्द्रविन्दु बनाई आम नागरिकको सहभागितालाई सुनिश्चित गर्ने गरी गाउँपालिकाको समग्र योजना र कार्यक्रमहरु सञ्चालन गरिएको छ । आम जनताको आर्थिक अवस्थामा सुधार, गुणस्तरिय शिक्षा र आधारभूत स्वास्थ्यमा सवै नागरिकको सहज पहुँच अभिवृद्धि गर्दै विस्तृत स्वास्थ्य परियोजना मार्फत योजनाबद्ध मानव विकास स्तर बढाउन सुनछहरी गाउँपालिका पर्यत्नरत रहेको छ ।

४. सक्रिय र उर्जाशील जनशक्ति पलायन हुँदै गइरहेको अवस्थालाई न्यूनिकरण गरी गाउँपालिका भित्रै केही सम्भावना छ भन्ने वातावरण बनाउन बिभिन्न साझेदार संस्था र सरकार स्वयंमको योजनामा विभिन्न स्वरोजगार कार्यक्रमहरु अगाडि वढाउन सरकार प्रतिवद्ध छ । कृषि र पशु व्यवसाय मार्फत आर्थिक आत्मनिर्भरता तिर सिंगो पालिकालाई अग्रसर गराउने उद्देश्यका साथ आर्थिक बजेट सहित योजनावद्ध अगाडि बढिरहेको छौं । लघु उद्यम र पर्यटन क्षेत्रको योजनाबद्ध बिकास मार्फत गाउँमै रोजगार, विकास र समृद्धिको आशा जगाउने कामका लागि स्थानीय सरकार प्रतिबद्ध रहेको छ ।

५. नागरिकको नजिकको सरकारको रुपमा रहेर यस गाउँपालिकाले गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरुबाट औपचारिक रुपमा र विशिष्ट परिस्थितिमा घर गाउँमा पुगेर समेत सेवा प्रवाह र विकासका कामलाई छिटो छरितो, प्रभावकारी र पारदर्शी दङ्गले समयमै प्रवाह गर्ने व्यवस्था मिलाइएको छ । साथै विभिन्न विषयगत शाखाहरुवाट समेत द्रुतगतिमा यी कामहरु प्रभावकारी दङ्गले सम्पादन गरिएको अवस्था छ ।

६. कृषि र पशु विकासका लागि योजनावद्ध रुपमा सुनछहरी गाउँपालिका र हेफर नेपालको आर्थिक साझेदारी र शहीद परिवार समाज नेपाल अर्घाखाँचीको सहजीकरणमा कृषि र पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता कार्यक्रम मार्फत हजारौं महिला दिदी बहिनीहरुलाई सङ्गठित रुपमा व्यवसायिक वनाउने काम भइरहेको छ । कृषि र पशु शाखावाट सङ्घ, प्रदेश र गाउँपालिकाको विभिन्न आर्थिक अनुदानमा वाली पकेट र पशु

पकेट कार्यक्रम मार्फत पनि व्यापक आर्थिक विकासको कामहरु भइरहेको कुरा अवगत गर्न चाहन्छु ।

७. भौगोलिक विकटता हुँदा हुँदै पनि पौरखी जनताको जनसंख्या धेरै हुनु, प्राकृतिक सम्पदाहरु विभिन्न वहुमूल्य खनिज पद्धार्थहरु हुनु, रैथाने भाषा, संस्कृति, परम्परागत, मौलिकता सहितको विकासमा सबैको ऐक्यवद्धता हुनु, पर्यापर्यटन र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना हुनु, तहगत सरकार र विकास साझेदार संस्थाहरुको लगानीमा चासो र प्राथमिकता हुनु पनि गाउँपालिकाको लागि ठुलो अवसर रहेको छ ।

८. सेवा प्रवाह र विकास निर्माणका हरेक क्षेत्रमा जनताको आवश्यकता र अपेक्षा उच्च हुनु तर सरकारसँगको सीमित स्रोत साधन र पुँजीले सबै आवश्यकता र अपेक्षाहरु पुरा गर्न नसक्नु जस्ता समस्याहरु यस आर्थिक वर्षका बिचमा रहेका अन्तरविरोधहरु रहेका छन् ।

आर्थिक वर्ष २०८१/०८२ का लागि संघ र प्रदेशमा अस्थिर राजनीतिको प्रभाव पर्नु, तत्कालीन सरकारद्वारा लिइएका योजना र बजेटको कार्यान्वयनमा वेवास्ता गर्नु, ठेक्का प्रकियामा ढिलाई गरिदिनु र दर्जनौं बजेट सहितका योजनाहरूलाई ठेक्का प्रकियामा नलगी खारेज गरिदिने जस्ता सोच्नै नसकिने समस्याहरू उत्पन्न भयो । कतिपय ठेक्का प्रकिया अगाडि बढेता पनि आर्थिक वर्षको अन्तिममा ठेक्का खोलिदिएर धेरै योजनाहरू अधुरो रहन गएको छ । संघ र प्रदेशसँग स्थानीय तहले गरेको समन्वयको काम निरन्तर रहेता पनि संघ र प्रदेशले खासै समन्वयको आवश्यकता महसुस नगर्नु यस आर्थिक वर्षको मुख्य समस्या रहन गएको छ ।

अत्यन्तै न्यून आय स्रोत, अधिक आवश्यकता बिचको अन्तर विरोधबाट सबै क्षेत्रको विकास र सेवा प्रवाहलाई सन्तुलन गरेर जहाँ छौ त्यहीँ उभिने, जति सक्छौं त्यति काम गर्ने तर संविधान कानुन ऐन र पारदर्शी ढङ्गले सुनछहरीको विकास कसरी गर्ने भन्ने चुनौती हाम्रो सामु खडा छ । तथापि हामि हरचुनौतीको सामना गर्दै “सुनौलो र सभ्य सुनछहरी, आत्मनिर्भर सुनछहरी” बनाउन उच्च मनोबलका साथ निरन्तर लागिरहेका छौं र लागिरहने छौं ।

आ.व.२०८१/०८२ मा अनतर प्रदेश तथा अन्तरपालिका असल अभ्यासको सिकाई अवलोकन भ्रमण सम्पन्न भएको छ । उक्त भ्रमण अन्तर्गत भरतपुर महानगरपालिका चितवन, आँबुखैरेनी गाउँपालिका र बन्दीपुर गाउँपालिका तनहुँ लगायत स्थानीय तहसँग गरेको छलफल र अन्तरक्रियाबाट आन्तरिक राजस्व सुधार, सुशासन र न्याय सम्पादन, आर्थिक विकास लगायतको क्षेत्रमा भएको नविनतम् अभ्यासबाट महत्वपूर्ण सिकाइ ज्ञान प्राप्त भएको छ ।

भारतको सिक्किम, दार्जिलिङ, शिलगढी हुँदै नेपालको इलाम, धरान, बन्दीपुर तनहुँ र पोखरासम्मको अवलोकन भ्रमणले स्थानीय रैथाने संस्कार संस्कृति, भेषभुषा, भाषा र स्थानीय रुपमा रहेका प्राकृतिक साधन स्रोत र सम्पदाको संरक्षण प्रचार र उपयोगबाट पर्यटन व्यवसायको विकास कसरी गर्न सकिने रहेछ भन्ने महत्वपूर्ण सिकाइ भएको छ । अत हाम्रो जस्तो प्राकृतिक सम्पदा, सौन्दर्यता, विविध

संस्कृति, भाषा भेषभुषाले सुसम्पन्न गाउँपालिकालाई आगामी पर्यटन विकासको लागि एक ऐतिहासिक ज्ञान प्राप्त भएको छ। यसको समय अनुकुल प्रयोग गर्ने सङ्कल्प लिइएको छ ।

न्यायिक समितिको तर्फबाट सुदुर पश्चिमको धनगढी उपमहानगरपालिका, कर्णाली प्रदेशको सिंजा गाउँपालिका र पूर्वी रुकुमको सिस्ने गाउँपालिकामा गरिएको न्याय सम्पादनका मुख्य उपलब्धिसँग सम्बन्धित अन्तरक्रिया छलफलले छिटो छरितो र कानुन सम्मत न्याय सम्पादन कार्यमा न्यायिक समितिले केहि नयाँ सिकाइ प्राप्त गरेको छ । यसबाट हाम्रो गाउँपालिकाको न्याय सम्पादनमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास गरिएको छ ।

स्थानीय सरकार र हेफर नेपालको आर्थिक साझेदारीबाट सञ्चालित परियोजनाहरुको अवलोकन भ्रमणका क्रममा गुल्मी जिल्लाको रुरु गाउँपालिका, पाल्पा जिल्लाको तानसेन नगरपालिका र अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिकामा गरिएको परियोजनाका महत्वपूर्ण र मुख्य उपलब्धी तथा रुरुको खुढो उद्योग अवलोकनले स्थानीय सरकार र विकास साझेदारी संस्थाको संयुक्त कार्यले पनि हाम्रो जस्तो अविकसित पालिकाका लागि आर्थिक विकासमा इट्टा थप्ने महसुस गरि सुधार सहित अझ निरन्तरता दिनुपर्ने अनुभुति पैदा गरेको छ ।

उपाध्यक्ष ज्यू,

सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु,

रोल्पा जिल्लाको उत्तर पूर्व भागमा रहेको २७७.६२ बर्ग कि.मी. क्षेत्रफल र १७२४१ जनसङ्ख्या रहेको यस गाउँपालिकालाई विकास, सुशासन र समृद्धिको उच्चस्तरमा पुर्‍याई निर्वाचित हुँदै गर्दा लिइएका सङ्कल्पहरूको कार्यान्वयन गर्नु हाम्रो अहम् दायित्व रहेको स्मरण गर्दै राष्ट्रिय योजना आयोगको सोह्रौं पञ्चवर्षीय योजनाको " सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) को समृद्ध लुम्बिनी, आर्थिक विकास सुशासन, समता र समुन्नत को सोच र सुनछहरी गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६) को "सुनछहरी समृद्धिको आधार, सुशासन उत्पादनमुखी रोजगारी, पर्यटन र पूर्वाधार" को सोच राष्ट्रिय र प्रादेशिक एवम् स्थानीय आवश्यकता र निर्वाचनका समयमा गरिएका प्रतिबद्धताका आधारमा सुनछहरी गाउँपालिकाको विकास समृद्धि र समुन्नतको आधारमा रहि आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम गरिमामय यस गाउँसभामा राख्न चाहन्छु ।

(क) कृषि विकास तर्फ

१. "कृषि प्रणाली र पशुपालनमा सुधार, आर्थिक समृद्धिको आधार" भन्ने गत आर्थिक वर्षको नीति कार्यक्रमलाई निरन्तरता दिँदै कृषिमा आधुनिकीकरण र व्यवसायिकरण गर्ने, उत्पादक र उपभोक्ता बिच सहज निर्यात (बजारीकरण) को व्यवस्था कृषि तथा महिला सहकारी

मार्फत व्यवस्थित रुपमा अगाडि बढाउने र तोकिएको मापदण्ड अनुसार उत्पादक कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान दिने नीतिलाई यही आर्थिक वर्ष बाटै कार्यान्वयन गरिनेछ ।

२. प्रत्येक किसानको उत्पादित वस्तु तोकिएको हाट बजार अर्थात कृषि सङ्कलन केन्द्रबाट विक्री गर्ने व्यवस्था मिलाइने छ र उत्पादनको परिणामलाई व्यवस्थित गर्नुका साथै व्यवसायीहरु बाट उठ्ने करलाई थप व्यवस्थित गरी आन्तरिक आय स्रोतको वृद्धि गरिनेछ ।

३. सुनछहरी गाउँपालिका ७ वटै वडाको बाली पकेट र पशु पकेट क्षेत्रहरु छनौट गरिने छ र सोही अनुसार पकेट बनाई परिणाममुखी कार्यन्वयन गरिनेछ । पालिकाको दक्षिणी भुभागलाई बोका रहित र उत्तरी भुभागलाई खसि रहित पकेट बनाई व्यवस्थित र व्यवसायिक पशुपालनलाई अगाडि बढाइनेछ ।

४. सुनछहरी गाउँपालिका र हेफर नेपालको आर्थिक साझेदारीमा सञ्चालित कृषि र पशुमा आधारित साना विकास तथा युवा उद्यमशीलता कार्यक्रमलाई आवश्यक परिमार्जन सहित "सुनछहरी कृषि परियोजना" मार्फत बाँकी कामहरु व्यवस्थित गर्ने र उत्पादित वस्तुलाई कृषि सहकारी मार्फत बजारसम्म पुऱ्याउने र उपभोक्तालाई उचित मूल्यमा सहज उपलब्ध गर्ने व्यवस्था गरिनेछ ।

(ख) उद्यम विकास तर्फ

१. लघु उद्यमको विस्तारः घरघरमा स्वरोजगार भन्ने गत आर्थिक वर्षको नीति कार्यक्रमलाई निरन्तरता दिँदै थप व्यवस्थित र परिमाणमुखी बनाइनेछ ।

२. प्रत्येक साना उद्योग तथा उद्यमी सिर्जना गर्दा समुदायको मागका आधारमा मात्र गर्ने नीति लिइनेछ । नकि समुदायको आवश्यकता र सरकारको उद्यम योजनाको बीचमा अन्तरविरोध भई अर्थहीन हुन नपाइओस् ।

(ग) पर्यटन विकास तर्फ

१. सुनछहरी पहिचानः दिगो र विविधतायुक्त पर्यटनको नीतिलाई निरन्तरता दिइनेछ । यस कार्यका अधुरा कामहरु क्रमशः पुरा गरिनेछ ।

२. सुनछहरी गाउँपालिकालाई आन्तरिक तथा वाह्य पर्यटन मार्फत चिनाउन र समृद्धि गर्नका लागि विभिन्न पर्यटकीय सुचकहरुलाई समेटेर डिजिटल ब्रोसर (एप्स) निर्माण गरिनेछ भने ❤ आकारको खाम पदमार्गको कार्यलाई अगाडि बढाइनेछ ।

३. विभिन्न पाँच ठाउँमा सञ्चालित (होमस्टे) घरवास कार्यक्रमलाई व्यवस्थित गर्ने र उपयुक्त गाउँहरुलाई जीवित सङ्ग्रहालय को रुपमा विकास गरेर आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गराइनेछ ।

४. समुन्द्री सतहबाट ३००० मिटर भन्दा माथि करिव ३६०० मिटर उचाइ सम्ममा फैलिएको जलजला क्षेत्रमा "खाम" म्याराथन मार्गको निर्माण गरी निकट भविष्यमै राष्ट्रिय खाम म्याराथन गर्ने गराउने नीति लिइएको छ ।

(घ) सहकारी क्षेत्र तर्फ

१. सहकारी सम्बन्धी लिइएका गत आर्थिक वर्षको बाँकी कार्यभारलाई पुरा गर्दै सहकारीको व्यवस्थापन सही परिचालन, क्षमता अभिवृद्धि, नियमितता र निरन्तरतालाई निरन्तरता दिने नीति लिइनेछ ।

२. सुनछहरी गाउँपालिकाको हकमा कृषि सहकारी (जो उत्पादनमा आधारित छ) लाई प्रमुख प्राथमिकता दिई सोही अनुसारको अनुदान र सहायताको नीति लिइएको छ ।

(ङ) रोजगार क्षेत्र तर्फ

१. निरन्तर पलायन भइरहेको दक्ष, अर्धदक्ष र अदक्ष जनशक्तिलाई गाउँमै रोजगार दिई रोक्ने नीति लिइनेछ । त्यसका लागि बेरोजगार फाराम भरेका आम युवाहरुलाई अबका दिनमा विभिन्न विकास निर्माणको योजनामा गाउँपालिकाको प्रत्यक्ष निगरानी र नियमनमा रहने गरी उपभोक्ताको रुपमा अस्थायी रोजगारीको व्यवस्था गरिने छ । यसका लागी अधिकांश योजनाहरु उपभोक्ताबाट सम्पन्न गर्ने गरी व्यवस्था मिलाइनेछ ।

(च) शिक्षा क्षेत्र तर्फ

१. गुणस्तरीय, बालमैत्री र प्रविधिमैत्री शिक्षा भन्ने नीतिलाई निरन्तरता दिइनेछ । प्रत्येक विद्यालयका प्र.अ.लाई कानुनले दिएको अधिकारमा स्वतन्त्रता, निगरानी, नियमन र जिम्मेवारी वनाई प्रत्येक विद्यालयलाई आआफ्नै पहिचान र शानका साथ उच्च शैक्षिक गुणस्तर हासिल गर्ने वातावरण मिलाइनेछ ।

२. विस्तृत शिक्षा परियोजना बनाई आवश्यक बजेटको व्यवस्था गरी सुनछहरी गाउँपालिकाका सबै विद्यालयलाई प्रविधिमैत्री बनाइनेछ ।

३. विगतदेखि सञ्चालित बिद्यालय अभिभावक शिक्षा कार्यक्रमलाई अब स्कुल विद्यालयमा हुने गरी निरन्तरता दिइनेछ ।

४. अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ अनुसार सम्पूर्ण बालबालिकालाई न्यूनतम आधारभूत तह (कक्षा ८ सम्म) सम्मको शिक्षा उत्तीर्ण गराउनु पर्ने कानुनी व्यवस्थाको सरकारी नीतिलाई मध्यनजर गर्दै अभिभावक र विद्यार्थीको विचमा अन्तरक्रियाको आवश्यक व्यवस्था गरिनेछ ।

५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई बालबालिकाहरुको वास्तविक क्षमताको विकासका रुपमा सञ्चालन गरी मैत्रीपूर्ण, शान्तिपूर्ण र सद्भावपूर्ण रुपमा सञ्चालन गर्ने वातावरण मिलाइने छ । अन्यथा राष्ट्रपति रनिङ शिल्डको औचित्य माथि प्रश्न उठ्ने अवस्था आउनेछ ।

६. आधारभूत तह उत्तीर्ण नगरी विद्यालय छोड्ने बिद्यार्थीलाई पुनः विद्यालय फर्काउनलाई अनौपचारिक शिक्षा तथा वैकल्पिक शिक्षाको माध्यमलाई अगाडि बढाइनेछ ।

७. आधुनिक भवनले शिक्षाको विकास भएको देख्ने हाम्रो गलत दृष्टिकोण/सोचलाई परिवर्तन गरि शिक्षाको उच्च परिणामलाई विकास देख्ने सोचको विकास गर्न विभिन्न खालको अन्तरक्रिया गोष्ठी र अभिमुखीकरण कार्यक्रम अगाडि बढाइने छ तर आधारभूत पूर्वाधार विकासमा चाहीं नजर गरिने छैन ।

८. सुनछहरी गाउँपालिकालाई संस्थागत विद्यालय रहित गाउँपालिका बनाइनेछ भने निर्वाचित जनप्रतिनिधि, स्थानीय शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति पदाधिकारीले आफ्ना बालवालिकाहरुलाई अनिवार्य सरकारी सामुदायिक विद्यालयमा पढाउने नीति लिइनेछ । नव यूवाहरुको शारीरिक सुसंगतता र क्षमता विकासका लागि माध्यमिक बिद्यालयले मार्शल आर्ट अन्तर्गतका विभिन्न खेलहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

९. पढ्दै कमाउदै विद्यालय कार्यक्रमलाई प्रत्येक माध्यमिक विद्यालयवाट शुरु गर्ने नीति बनाइनेछ।जसको व्यवस्थापन स्वयम विद्यालयले गर्ने छ भने आवश्यक सहयोग सरकारले गर्ने व्यवस्था मिलाईनेछ।

१०. १८ महिने कृषि पशु प्राविधिक शिक्षालाई दिदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ तर आगामी ६ महिनाभित्र सम्बन्धित विद्यालयले कम्तिमा २ वटा पशु चौपाया र कम्तिमा ३ रोपनी जग्गाको व्यवस्था अनिवार्य गर्ने नीति बनाइएको छ ।

११. विपन्न तथा जेहेनदार छात्र छात्राहरुलाई उच्च शिक्षा पढ्न चाहेको खण्डमा आवश्यक छात्रवृतिको व्यवस्था गरिने छ । जुन छात्रवृत्ति माग र विषयमा आधारित हुने छ र उच्च शिक्षा प्राप्ति पछि गाउँपालिकाका लागी सेवाकालिन सहयोगको समेत नीति लिइनेछ ।

(छ) स्वास्थ्य क्षेत्र तर्फ

१. हाम्रो स्वास्थ्य हाम्रो भविष्य र हाम्रो जीवन भन्ने स्वास्थ्य नीतिलाई निरन्तरता दिइएको छ ।

२. स्वास्थ्य उपकरण, प्रविधिमैत्री, सुलभ र सहज स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य परिक्षण र निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

३. जनयुद्धका घाइते, अपाङ्ग, जन्मजात र अन्य अपाङ्ग, सुत्केरी हुने महिला, शहीदको एकाघरका परिवार, आकस्मिक दुर्घटनाका बिरामी, सहारा विहीन अति विपन्न नागरिकका लागि ५०% छुटमा एम्बुलेन्स सेवा दिने नीति लिइएको छ ।

४. आवश्यकताको आधारमा गाउँगाउँमा निशुल्क स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ । भने ग्रामिण आँखा केन्द्रवाट सञ्चालित बिद्यालयहरुले बालबालिकाको आँखा परिक्षण

कार्यक्रमलाई निरन्तरता दिँदै थप गाउँघर सम्म निशुल्क आँखा परिक्षण कार्यक्रम लैजाने व्यवस्था गरिनेछ ।

५. पूर्ण खोप, पुर्ण संस्थागत सुत्केरी, पुर्ण सरसफाईयुक्त वडा हुँदै गाउँपालिका घोषणाको लक्ष्य लिएर अगाडि वढ्ने नीति लिइएको छ ।

(ज) खानेपानी तथा सरसफाइ तर्फ

१. "सुरक्षित खानेपानी र पूर्ण सरसफाईयुक्त गाउँपालिका" निर्माणको अभियानलाई निरन्तरता दिइएको छ ।

२. आगामी २०८३ सम्म वडा नं. ४ लाई पूर्ण सरसफाइ युक्त वडा घोषणा गरिने छ भने अन्य वडाहरुले कम्तिमा २/२ वटा टोलहरुलाई पूर्ण सरसफाई युक्त टोल घोषणा गर्ने लक्ष्य लिइएको छ ।

३. आगामी २०८४ सम्म "एक घर, एक स्वच्छ खानेपानीको धारा" पुऱ्याउने लक्ष्यका साथ स्वच्छ खानेपानीलाई उच्च प्राथमिकता दिइनेछ ।

(झ) मौलिक हक सम्बन्धी

१. लिङ्गीय भेद्भाव, छुवाछुत र महिला हिंसामुक्त गाउँघर बनाउने विगतको नीतिलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ ।

२. लिङ्गीय भेद्भाव, छुवाछुत र महिला हिंसा विरुद्धका विभिन्न महासन्धि तथा घोषणा पत्रहरु जस्तै संयुक्त राष्ट्र संघको महासभाले लिएका नीतिहरु, बेइजिङ घोषणा पत्र, आई.एल.ओ. ले अबलम्बन गरेका बिभिन्न घोषणाहरु र उक्त सन्धि र घोषणा पत्रमा नेपालले गरेका प्रतिवद्धताहरुलाई कानुनी आधारको रुपमा लिई निष्पक्षता, समानता र सद्भावपूर्ण नीति अबलम्बन गरिनेछ ।

३. सामाजिक न्याय, समानता र शोषणमुक्त समाज निर्माणका लागि महिला सञ्जाल, अपाङ्ग सञ्जाल, दलित सञ्जाल, आदिवासी तथा अल्पसंख्यक समुदायको सञ्जाल, जनयुद्धका घाइते अपाङ्ग सञ्जाल आदी बनाई सबै क्षेत्र वर्ग लिङ्ग र समुदायको समानता र स्वतन्त्रताको ग्यारेन्टी सहित समान अधिकारको सुनिश्चित गर्ने नीति लिइएको छ ।

४. वालवालिकाहरुको सम्पूर्ण क्षमता अभिवृद्धिका लागि विभिन्न बालमैत्री सचेतना कार्यक्रम गरिने छ । फरक क्षमता भएका बालबालिकाको वृद्धि विकास, संरक्षण र उसको सुनिश्चित भविष्यका लागि स्वास्थ्य, शिक्षा र रोजगार लगायतको क्षेत्रमा विशेष व्यवस्था गर्ने नीति लिइने छ । संयुक्त राष्ट्र सङ्घीय वालअधिकार महासन्धि १९८९ मा नेपालले गरेको प्रतिवद्धता कार्यन्वयनका लागि आवश्यक कडम चालिनेछ ।

(ञ) कला संस्कृति तर्फ

१. मौलिक कला र संस्कृतिको प्रवर्द्धन अभियानलाई निरन्तरता दिँदै मौलिक सांस्कृतिक विविधता नै सुनछहरीको पहिचान भन्ने कुराको गहिरो बोध गरी स्थानीय कला, साहित्य, परम्परागत संस्कृतिको संरक्षण तथा संवर्द्धनका लागी आवश्यक कार्यक्रम गरिनेछ ।
२. विभिन्न जाति समुदायको आफ्नो मातृभाषा बाट लिखित साहित्य र सिर्जना तथा संस्कृतिलाई उच्च प्राथमिकता दिई संरक्षण र विकास गरिनेछ ।
३. रैथाने संस्कार र संस्कृति माथि वाह्य प्रभाव वढ्दै गएको र परम्परागत रैथाने संस्कृति लोप हुँदै जाने खतरा देखिन थालेकोले पुराना बुढापाकाहरु बाट रैथाने संस्कृतिको पुस्तान्तरण गरी अभिलेखीकरण गर्न पहल गरिनेछ ।
४. संस्कार संस्कृतिको नाममा हुने चार प्रथा र दाईजो प्रथाको अत्याधिक खर्चलाई कम गरी सस्तो, छिटो, छरितो र अनिवार्य नभई ऐच्छिक बनाउने नीति लिइने छ । साथै संस्कार संस्कृतिको नाममा हुने अत्याधिक मद्यपानलाई नियन्त्रण लिई संस्कारको रुपमा मात्र प्रयोग गर्ने गरी नियमन गरिनेछ ।

(ट) यूवा सम्बन्धी क्षेत्र तर्फ

१. स्वच्छ समाज निर्माणमा यूवाहरुको सहभागिताको नीतिलाई निरन्तरता दिइएको छ, र बाँकि कार्यभार पुरा गर्न प्रतिबद्धता गरिएको छ ।
२. यूवाहरुको असीमित क्षमतालाई यही समाजको हितमा प्रयोग गर्न टोल विकास संस्था, क्लव, उपभोक्ता समिति, विभिन्न संघ संस्था आदीमा अनिवार्य यूवा प्रतिनिधिको सुनिश्चित्तता गरिनेछ । र अबको सामाजिक नेतृत्व यूवामा हस्तान्तरण गर्ने नीति लिइनेछ ।
३. यूवाहरुसँग गाउँपालिका कार्यक्रम मार्फत आगामी सुनछहरी गाउँपालिकाको नीति निर्माण र आर्थिक समृद्धिको खाका निर्माण गर्ने व्यवस्था गरिनेछ ।

(ठ) पूर्वाधार

१. गुणस्तरीय दिगो र वातावरण मैत्री पूर्वाधारको नीतिलाई निरन्तरता दिइएको छ । गाउँपालिकाको दोस्रो पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यमा केन्द्रित भएर विभिन्न तहगत सरकार र साझेदारी विकास परियोजना मार्फत पूर्वाधारहरु निर्माण गरिनेछ ।
२. पूर्वाधार निर्माण गर्दा रोड/सडक तथा भवन मापदण्ड २०८१/०८२ लाई आधार बनाई अगाडि बढ्ने नीति लिएको छ भने २०८१/०८/१८ गतेको विवाङ घोषणा पत्रलाई आधार मानी वातावरण मैत्री जलवायु अनुकूलतालई ध्यान दिएर मात्र पूर्वाधार निर्माण गरिनेछ ।
३. दिगो विकास लक्ष्यलाई समेत ध्यानमा राखी मुख्य सडकहरुको कालोपत्रे सहायक सडकहरुको स्तर उन्नती र कृषि सडकहरुको आवश्यकता अनुसार विस्तारको नीति लिइएको छ ।

४. एक टोल र अर्को टोलमा सडक नभई व्यवस्थित गोरेटो बाटोको विस्तार गरी पर्यावरण मैत्री विकासमा जोड दिइनेछ ।

५. जलजला, बाघतारे, ओखरेनी, बुजू धुरी, सुनछहरी झरणा, सुन फूलुप, विवाङ दह, तिलाचन दह, कोठी भीर आदि पर्यटकीय स्थानमा आवश्यक सडक पूर्वाधार तथा भवन निर्माणको सम्भाव्यता अध्ययन गरी आवश्यक कदम चालिनेछ ।

६. सुनछहरी गाउँपालिका वडा नं. १ सेरम, २ भित्रीगाम र ७ जेलबाङमा केन्द्रिय विद्युत प्रसारण लाइन विस्तारको यथाशीघ्र पहल गरी सबै बस्तीमा विद्युतको पहुँच पुऱ्याइनेछ ।

७. हरेक पूर्वाधार विकास गर्दा गाउँपालिकाको दोस्रो आवधिक योजनाको योजना बैंकलाई प्रमुख प्राथमिकता र आधार मानी योजना बनाईनेछ ।

(ड) वातावरण सम्बन्धी नीती

१. जलवायु अनुकूल विकास उत्पादन र उपभोगको नीतिलाई निरन्तरता दिईनेछ ।

२. १६ वर्ष पुरा भई ६० वर्ष ननाघेका सुनछहरी गाउँपालिका बासी प्रत्येक व्यक्तिले वर्षमा एक वटा बिरुवा रोप्ने अभियानलाई यहि आर्थिक वर्षबाट शुरु गरी निरन्तरता दिइने छ र ग्रीन सुनछहरी निर्माण गर्ने लक्ष्यलाई साकार पारिनेछ ।

३. आर्थिक वर्ष २०८२/०८३ बाट कम्तिमा "१ वडा, १ वन क्षेत्र" लाई चरिचरण बन्द गरिने छ भने बिस्तारै सबै वन क्षेत्रमा खुला चरिचरण बन्द गरिनेछ । यसको लागि प्रत्येक वडा तथा सम्बन्धित टोलमा पूर्व अन्तरक्रिया गरिनेछ ।

४. मौसमी विपद् तथा प्रकोप व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषलाई व्यवस्थित र मौज्दातयुक्त बनाइनेछ । साथै विपद् न्यूनिकरण, उद्धार र राहत व्यवस्थापनको लागि विपद् पूर्वतयारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. वातावरण संरक्षण र विपद् न्यूनिकरणका लागि निजि वन बनाउने, दर्ता गर्ने र वन संरक्षण गर्ने नीतिलाई व्यापक बनाईनेछ ।

(ढ) सुशासन सम्बन्धी नीति

१. सुशासन प्रवर्द्धनमा हामी सबैको ऐक्यवद्धता भन्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२. नागरिकको नजिकको सरकारको अनुभूति आम जनतालाई दिलाउन प्रत्येक वडा, शाखा र गाउँपालिकाबाट प्रवाह भइरहेको नियमित सेवालाई थप प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।

३. विकट भूगोल, फरक भाषा, फरक परिवेश भएको यस गाउँपालिकामा वाह्य जिल्ला र प्रदेशबाट खट्नु हुने कर्मचारीले समेत उच्च मनोबलका साथ कर्तव्य र जिम्मेवारी पुरा गरिरहनु भएकोमा ससम्मान धन्यवाद दिंदै आगामी दिनमा पनि हामी सबै मिलेर उच्च मनोबलका साथ अझ प्रभावकारी, निष्पक्ष र छिटो छरितो सेवा प्रवाह गर्ने वातावरण निर्माण गरिनेछ ।

४. सेवा प्रवाह र सुशासनको उच्चतम् प्रयोगका लागि आवश्यक तालिम, अभिमुखीकरण र गोष्ठीको व्यवस्था गरिने छ । रिक्त दरबन्दीको हकमा यथाशक्य छिटो नियमानुसार पदपूर्तीको पहल गरिनेछ ।

५. भ्रष्टचारमा शुन्य सहनशिलता अपनाईने छ भने विभिन्न खाले बेरुजुलाई शुन्य बनाउन कानुनी व्यवस्था अनुरुप कठोर कडम चालिनेछ ।

६. सेवा प्रवाह र सुशासन कायम गर्नका लागि बाधा पार्ने आवश्यक कार्यविधि, ऐन र नियमावली निर्माण तथा संशोधन गरी सुशासन कायम गर्न पहल गरिनेछ ।

७. सुनछहरी गाउँपालिकाको आन्तरिक आयश्रोतलाई मध्य नजर गरी विभिन्न क्षेत्रमा कार्यरत कर्मचारी शिक्षकहरुका मागमा सकारात्मक रहँदै गाउँपालिकाको आर्थिक क्षमताको आधारमा खाईपाई आएको सेवा सुविधामा (दामासाही) रुपमा केही सुविधा वृद्धि गरिनेछ ।

८. शुद्ध बाल बिकास सञ्चालन भएका बाल विकासहरुमा आवश्यक फर्निचर तथा गलैंचाको व्यवस्था गरी साना बालबालिकालाई पठनपाठनमा सहज गराईनेछ ।

९. गाउँपालिकासँग विभिन्न क्षेत्रका विकास साझेदार संस्थाहरुको र सम्बन्धित शाखाका शाखा प्रमुखहरुको संयुक्त समन्वय बैठक प्रत्येक चार/चार महिना कार्तिक, फागुन र असार गरी वर्षको ३ वटा बैठक राख्ने र विकास, सेवा र सुशासनको पाटोलाई सुदृढ्ढ गर्न आवश्यक पहल गरिनेछ ।

१०. आ.व. २०८१/०८२ को कार्यन्वयन हुन बाँकी नीति तथा कार्यक्रमलाई पूर्ण रुपमा निरन्तरता दिइनेछ ।

११. विभिन्न क्षेत्रबाट प्राप्त नीतिगत सुझावलाई मनन गर्दै यो नीति तथा कार्यक्रममा अत्याधिक समेट्ने प्रयास गरिएको छ । तथापि विस्तृत कुरा योजना कार्यन्वयनको क्रममा देखिँदै जाने छ भन्ने यस सम्मानित सभालाई अवगत गर्न चाहन्छु ।

अन्तमाः-

आर्थिक वर्ष २०८२/०८३ को यस नीति तथा कार्यक्रमले सुनछहरी गाउँपालिकालाई थप समुन्नत बनाउन सक्षम हुनेछ । यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनबाट स्थानीय उत्पादनमा वृद्धि, बजारिकरणमा सहजता, जीवनयापनमा सहजता, मानव बिकासमा सुधार, वातावरण संरक्षणमा योगदान र समन्वय सहितको समानता मार्फत सामाजिक न्याय र गुणस्तरीय सेवा सहज रुपमा प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरेको छु ।

नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा सुनछहरी गाउँपालिकाको दोस्रो आवधिक पञ्चवर्षिय योजनाको सोच, उद्देश्य र लक्ष्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यन्वयनमा

सबै तहका सरकारहरु, विकास साझेदार संस्थाहरु तथा आम गाउँपालिका वासी जनसमुदायहरुको सदैव सहयोग र साथ प्राप्त हुनेमा विश्वस्त छ ।

हाम्रो सामु बिद्यमान रहेका असङ्ख्या चुनौतिका चाङहरुलाई बैज्ञानिक, व्यवहारिक, जनमुखि र उत्तरदायी पूर्ण योजना तथा कार्यक्रम मार्फत अबसरमा रुपान्तरण गर्दै अहम जिम्मेवारी बोध हामी निर्वाचित जनप्रतिनिधिको काँधमा आएको छ । व्यवस्थापकीय, कार्यपालिकाकीय र न्यायिक अधिकारको पूर्ण प्रयोग गर्दै "सुनौली सुनछहरी, आत्मनिर्भर सुनछहरी" बनाउन सदैव लागिरहने प्रतिबद्धता यस सम्मानित गाउँसभामा राख्न चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नहुने गाउँपालिका उपाध्यक्ष लगायत सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण शाखा प्रमुख र सम्पूर्ण कर्मचारी साथीहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, संघ संस्थाका प्रतिनिधिहरु/बिषयगत समितिका सदस्य ज्यूहरु समाजसेवी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु ।

मितिः- २०८२/०३/०८
धनबहादुर पुनमगर
अध्यक्ष
सुनछहरी गाउँपालिका